बैठक संख्याः २६

आज मिति २०८३।०१।०७ गतेका दिंन सिंजा गाउँपालिका अध्यक्ष श्री पूर्ण प्रसाद धितालज्यूको अध्यक्षतामा बसेको बैठकले तपसिलको उपस्थितिमा निम्न अनुसार निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| १. श्री पूर्ण प्रसाद धिताल | गाउँपालिका अध्यक्ष |
| २. श्री सितली रोकाया | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री तिर्थ वड | अध्यक्ष वडा नं २ |
| ४. श्री रन्जित बुढा | अध्यक्ष वडा नं ४ |
| ५. श्री कृष्ण बहादुर रोकाया | अध्यक्ष वडा नं ५ |
| ६. श्री लाल बहादुर बुढा | अध्यक्ष वडा नं ६ |
| ७. श्री विशेश्वर खत्री | का.वा. अध्यक्ष वडा नं १ |
| ८. श्री लक्ष्मीकन्या धिताल | का.वा अध्यक्ष वडा नं ३ |
| ९. श्री रुपकेउडा बिष्ट | कार्यपालिका सदस्य |
| १०. श्री दन्ता कामी | कार्यउपालिका सदस्य |
| ११. श्री मागी वड | कार्यपालिका सदस्य |
| १२. श्री हरिचन्द्र सार्की | कार्यपालिका सदस्य |
| १३. श्री मोती दमाई | कार्यपालिका सदस्य |
| १४. राजपुरा दमाई | कार्यापालिका सदस्य |
| १५. श्री डा. सुर्य अधिकारी | नि.प्रमुख प्रशासकिय अधिकृत |

निर्णयहरुः

निर्णय नं. १. हिमा गाउँपालिका वडा नं. १ साविकको बडकि गा.वि.स. वडा नं. ९ मा रहेको आचार्यलिही गाउँ भौगोलिक रुपमा सिंजा गाउँपालिका संग नजिक रहेको, सेवा प्रवाहमा सहजता हुने, सामाजिक तथा आर्थिक अन्तरसम्बन्ध समेत घनिष्ठ रहेको तथा स्थानीय बासिको स्पष्ट मागसमेत रहेको निवेदन प्राप्तभएकाले सिंजा गाउँपालिकामा समावेशगर्न उपयुक्त देखिएकाले नेपाल सरकार, सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर, एकआपसमा गाभिने र नगरपालिका बर्गिकरणको पुनराबलोकन सम्बन्धि मापदण्ड, २०८३ बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउनुपर्ने देखिएको हुँदा प्राप्त निवेदनलाई आधारमानि सो प्रस्तावलाई कार्यपालिकाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २. सिंजा गाउँपालिकाको जनताको मुख्यपेशा पशुपालन रहेकाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत पुश सेवा विभागबाट आर्थिक वर्ष २०८३/०८४ मा हस्तान्तरण हुने तपसिलको संघीय सशर्त अनुदान कार्यक्रम मागगर्ने निर्णय गरियो ।

तपसिल

१. कुकुरमा रेविज रोग नियन्त्रण कार्यक्रम ।
२. आधारभूत भेटेरिनरी प्रयोगशाला कार्यक्रम ।
३. पशुपन्छीमा आकस्मीक/महामारी रोग नियन्तण कार्यक्रम ।
४. कृतिम गर्भाधान कार्यक्रम ।
५. भेडा प्रर्वद्धन कार्यक्रम ।
६. चरन खर्क सुधार कार्यक्रम ।

निर्णय नं. ३. सिंजा गाउँकार्यपालिकाको यस अघिको निर्णय अनुसार हिमा नदिमा डोजर प्रयोग गर्न रोक लगायको साथै अबैध नदिजन्य सामाग्री उत्खनन् पूर्णरुपमा रोकिएकोमा कोठारी ज्यूला संग जोडीएको नदिकिनाराबाट चोरी निकासी भएको भन्ने जनगुनासो रहेकाले तत्काल रोकेर गाउँपालिकाको डोजरबाट बालुवा संकलन गरी गाउँपालिकाको आफ्नो प्रयोजनमा प्रयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. सिंजा गाउँपालिकाको प्रवेद द्धार गेटमा गाउँपालिकाको सुरक्षाको लागि गेटपाले/ चौकीदार बस्ने एककोठे पक्की भवन मिति २०७९ असोज १९ गते देखि २५ गते सम्म परेको अविरल बर्षाकाकारण सिंजा गाउँपालिकाका धेरै घरहरु क्षति भएको र गाउँपालिका भवनमा बारेखोलाबाट आएको बाढीले गाउँपालिकाको पर्खाल संगै उक्त एककोठे भवन पूर्णरुपमा क्षति भई चौकीदार बस्न नसक्ने र पूर्णरुपमा ढली अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गर्न नसकिने, उक्त भवनमा प्रयोगभएको सामाग्रीहरु पुनःप्रयोग गर्न पिन नसकिने भएको र उक्त ठाउमा पुल निर्माणको डिपिआर भई काम सुरु भएकोले क्षति भएको संरक्षना हटाउन आवश्यक देखिएकोले मुचुल्का तयार गरि उक्त संरचना हटाउने निर्णय गरियो ।

निर्णय नं. ५. दलित तथा ऐतिहासिक रुपमा बहिस्कृत समुदाय, राज्य समाज र नितिगत संरचनाबाट भएका अन्याय, विभेद र अवसर बन्चित सामाजिक न्याय समावेशी पुर्नस्थापनाका लागि सुधारमुखी कार्यक्रम घोषणा गर्न नेपाल सरकारबाट परिपत्र भएकाले २०८३/०१/११ गते माथि उल्खेखित लक्षित वर्गका प्रतिनिधिहरुको पालिकामा भेलागराई क्षमायाचना सहित सुधरमुखी कार्यक्रम घोषणा गर्ने निर्यण गरियो ।

निर्णय नं. ६. सिंजा गाउँपालिका स्तरीय अध्यक्ष कप यही मिति २०८३/०१/११ गते देखि महादेव मा.वि. गोठीपिङ्गीमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. विधालय संचालन तथा नियमित पठनपाठन सम्बन्धी छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं६७, मिति २०८२/१२/२६ को प्राप्त पत्रानुसार २०८३ को भर्ना अभियान बैशाख १५ गतेबाट सुरु गर्ने र बैशाख २१ गतेबाट पठनपाठन सुरु गर्ने भन्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र २२ को निर्णय साथै २०८२ चैत्र २३ देखि सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थामा शनिबार तथा आइतबार २ दिन सार्वजनिक बिदा दिने निर्णय भएको सन्दर्भमा नेपाल सरकारले तत्कालै इन्धनको प्रयोग घटाउने उद्देश्यका साथ प्राप्त परिपत्रलाई आत्मसाथ गर्दै, नेपालको संविधानको अनुसूची-८ बमोजिम स्थानीय तहलाई प्रदान गरेको आधारभुत तथा माध्यमिक शिक्षाको व्यवस्था सम्बन्धि एकल अधिकार स्थानीय तहमा रहेको हुनाले यस सिंजा

गाउँपालिकामा स्थानीय स्तरमा विद्यालय सञ्चालन गर्दा इन्धनमा कुनै चाप नपर्ने तथा पाठ्यक्रमले तोकेबमोजिम शैक्षिक उपलब्धि हासिल गर्नका लागि आइतबार समेत विद्यालय नियमित रुपमा सञ्चालन गर्ने साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्रास पत्र अनुसारकै शैक्षिक गतिविधि लगायताका विभिन्न रचनात्मक र प्रवर्धनात्मक शैक्षिक कार्यक्रमहरु तपसिल बमोजिम गर्नुका साथै मिति २०८३ बैशाख ८ गते देखि विद्यालयमा नियमित पठनपाठन सुचारु गर्ने निर्णय कार्यान्वयनका लागि सम्बन्धित सम्पूर्ण प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक तथा शैक्षिक सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल:

| क.सं. | शैक्षिक कार्यक्रमहरु | कार्य गर्ने |
|---|---|---|
| १ | शैक्षिक सत्र २०८३ को कार्ययोजना निमार्ण | मिति २०८३/०१/०८ गते देखि ११ गतेसम्म सम्पन्न गरी मिति २०८३/०१/१२ गते पालिका पेश गर्नुपर्ने । |
| २ | वार्षिक कार्यतालिका,शैक्षणिक योजना निर्माण/तयार गर्ने | |
| ३ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने | |
| ४ | शिक्षकको पेशागत क्षमता विकासका कार्यहरु सञ्चालन गर्ने | |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि सुधारसम्बन्धि योजना निर्माण गर्ने | |

निर्णय नं. ८. सिंजा गाउँपालिकामा संचालित सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०८१/०८२ सम्मको लेखापरीक्षण गर्ने गराउने सम्बन्धमा छलफल गर्दा लेखापरीक्षकहरुको निवेदनका आधारमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११को उपदफा २(ज) मा व्यवस्था भएबमोजिम प्रचलित शिक्षा नियमावली २०५९ अनुसार लेखापरीक्षकहरुको नामावली प्रकाशित गर्ने र सुचीकृत लेखापरीक्षकहरुले ७ सात दिन भित्र यस शिक्षा युवा तथा खेलकुद शाखामा सम्पर्क राखि नियुक्ति पत्र बुझिलिने निर्णय गरियो ।

तपसिल:-

| क.सं. | लेखा परीक्षकको नाम | विद्यालयको नाम | कैफियत |
|---|---|---|---|
| १ | पद बहादुर घर्ती | १.श्री मालिका मा.वि. धापा २. श्री भैरव मा.वि.नराकोट<br>३. श्री मा.वि. चुलेगाउँ ४. श्री कालिका आ.वि. गोरा<br>५. श्री देउती आ.वि. भाङ्गाउँ ६. श्री केदारनाथ आ.वि बारे<br>७. श्री शान्ति आ.वि तल्लोगोठी ८. श्री शान्तिजन आ.वि. काँडागाउँ<br>९. श्री चन्द्रसुर्य आ.वि. भुली<br>१०. श्री देउराली रत्नलाल आ.वि.डिग्रा ११. श्री रोप्नीजनजागृती आ.वि.रनुखाना | |
| २ | हरी बहादुर भण्डारी | १.श्री मा.वि. जोडु २. श्री कैलाश मा.वि. फुडग्र<br>३. श्री महादेव मा.वि.गोठिपिङ्गी ४. श्री शारदा आ.वि. गाडापानी ५. श्री फुटाशिली आ.वि. धितालिलिही<br>६. श्री जनज्यती आ.वि. रुगा ७. श्री कुलदेव आ.वि. प्याकुरेवाडा ८. श्री कालिका आ.वि. विष्टवाडा<br>९. श्री जनता आ.वि. शनिगाउँ १०. श्री मन सामुदायिक आ.वि. गोरा<br>११. सामुदायिक सिकाइ अध्ययन केन्द्र धापा | |

निर्णय नं. ९. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प.सं. ०८१/०८२, च.नं. ४२६ र मिति २०८२/०३/०४ को प्राप्त पत्रानुसार सर्शत अनुदानमा आ.व. ०८२/०८३ मा विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमको सूचिमा यस गाउँपालिकाका लागि विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि समाग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन लागि भौतिक लक्ष्य १ (एक) तोकि अनुदान प्राप्त भएको हुँदा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/०८३ को क्रियाकलाप नं २.७.१३.१३. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः प्रति विद्यालय वार्षिक रु.१० लाख कार्यान्वयन गर्ने व्यवस्था भए बमोजिम इच्छुक सामुदायिक विद्यालयहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको शिक्षा, यूवा तथा खेलकुद शाखामा रितपुर्वक प्रस्तावना पेशहुन आएका विधालय श्री फुटाशिली आ.वि. धिताललिही र श्री केदारनाथ आ.वि. बारे मध्ये श्री केदारनाथ आ.वि. लाई पुस्तकालय स्थापनाको लागि छनौट गरिएको निर्णय गरियो ।

निर्णय नं. १०. सिंजा गाउँपालिकामा कार्यरत बरिष्ट शिक्षा अधिकृत श्री शंकर धिताल लामो समय सेवाकालिन तालिममा गई कार्यालयको कामकाजमा बाधा पर्ने भएकोले शिक्षा शाखामा कार्यरत शिक्षा अधिकृत छैटौ श्री भिम रोकायालाई बाल कल्याण अधिकारी तोक्ने निर्णय गरियो ।

निर्णय नं. ११. निर्णय नं. ६ मा उल्लेखित अध्यक्ष कप श्री महादेव मा.वि. गोठीपिङ्गीले संचालन गर्न नसकेमा/ असमर्थन भएमा श्री भैरव मा.वि. नराकोटलाई दिने निर्णय गरियो ।

निर्णय नं. १२. अध्यक्ष कपको आ.व. २०८१/०८२ सम्मको भुक्तानी सम्बन्धमा छलफल गर्दा चालु आ.व. २०८२/०८३ मा अध्यक्ष कपको लागि विनियोजन गरिएको ७ (सात) लाख रुपैयाँ मध्ये ३ (तीन) लाख रुपैयाँ प्रत्येक मा.वि. लाई ५० (पचास) हजारका दरले आ.व. २०८१/०८२ सम्मको खर्च रकम सम्बन्धीत विद्यालयको खातामा निकासा दिने साथै चालु आ.व. २०८२/०८३ को लागि बाँकी रकम रु. ४ (चार) लाख रुपैया अध्यक्ष कपको आयोजक श्री भैरव मा.वि. नराकोटको खातामा निकासा दिने सो खर्चको विवरण अनुमोदन कार्यपालिकाबाट गर्ने निर्णय गरियो ।